# कलैया उपमहानगरपालिका
## कार्यपालिकाको कार्यालय
कलैया बारा

### नेटवर्किङ्ग, वाईफाई जोन, डाटा कनेक्टीभिटि जडान सम्बन्धी सूचना
दोश्रो प्रकाशित ७ दिन प्रकाशित सुचना (मिति : २०७५।२।१८ गते ।)

यस कलैया उपमहानगरपालिकाको कार्यालय, सबै वडा कार्यालय तथा केही सार्वजनिक स्थानहरुमा नेटवर्किङ्ग, वाईफाई जोन र डाटा कनेक्टीभिटि जडान गर्न आगामी आ.ब. ०७४।०७५ को लागि आवश्क परेकोले सम्बन्धि कार्यको इजाजत प्राप्त फर्म, कम्पनी वा सप्लायर्सहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

**तपसिल**

१) दरभाउपत्र दाताले खामको बाहिरपट्टी दरभाउपत्रको नाम र कलैया उपमहानगरपालिका कार्यालय, बारा भनी प्रष्ट लेख्नु पर्नेछ ।

२) दरभाउपत्र फाराम माथी उल्लेख भए अनुसार पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र कार्यालय समयमा दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

३) दरभाउपत्र दाखिला गर्दा स्थायी लेखा नम्बर प्रमाण पत्र, मूल्य अभिवृद्धि करको प्रमाण पत्र र आ.ब. ०७३।०७४ को कर चुक्ता पत्र पेश गर्नु पर्नेछ । क.उ.म.न.पा. क्षेत्र भित्र ठेगाना भएकोमा न.पा. मा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

४) दरभाउपत्र यो सूचना प्रकाशित भएको ८ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उप.म.न.पा. कार्यालय बारामा दर्ता गराई सक्नु पर्नेछ । सोही दिन दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्रदाताहरुको रोहवरमा शिलबन्दी दरभाउपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । दरभाउपत्र खोल्दा दरभाउपत्रदाताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) आफुले कबोल गरेको अंकको २.५% ले हुने धरौटी रकम यस कार्यालयको रा.वा. बैंक कलैया शाखामा रहेको हि.नं. धरौटी खातामा १२६०३०३००७१०२ जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ७५ (पचहत्तर) दिनको म्याद भएको बैंक ग्यारेन्टीको सक्कल प्रति पेश गर्नुपर्नेछ ।

६) यसमा नपरेका अन्य कुराहरु स्थानीय निकाय सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम हुनेछ ।

७) अन्य केही कुरा बुझ्नु परेमा कार्यालय खुलेको दिन जिन्सी शाखामा सम्पर्क राख्न सकिने छ ।

लेखा अधिकृत
(अधिकृत स्तर छैठो तह)